**अनुसूची - २**

( दफा ४ तथा अनसूची-२ को भाग-२ सँग सम्बन्धित )

# भीरकोट राजपत्र

# भीरकोट नगरपालिकाद्धारा प्रकाशित

खण्ड ७ संख्या २ मितिः २०८१/०३/२२

**भाग-२**

**भीरकोट नगरपालिका**

# भीरकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# बयरघारी, स्याङ्जा

## नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन तथा त्यसको दिगोपना सम्बन्धी कार्यविधि, २०८१

# नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन तथा त्यसको दिगोपना सम्बन्धी कार्यविधि, २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः-२०८१/०३/०६**

**प्रस्तावनाः**

स्थानीय सुशासन, सेवा प्रवाह, आर्थिक विकासका क्षेत्रमा नवप्रवर्तनको माध्यामबाट नविनतम सोच र सिर्जनशीलता प्रवर्द्धन गर्न संघ, प्रदेश तथा स्थानीय सहयोग कार्यक्रममा व्यवस्था रहेको नवप्रवर्तन झाझेदारी कोषको माध्यामबाट संघ, प्रदेश तथा स्थानीय तहको सह-लगानीमा नविनतम् परियोजनाहरु संचालन गरी नवप्रर्वतनका कार्यक्रमका माध्यमबाट नगरपालिकामा नवीनतम सोच र सिर्जनशीलतालाई संस्थागत गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोगगरी भीरकोट नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद- १

**प्रारम्भिकः**

१. **संक्षिप्त नाम र प्रारम्भः** यो **"कार्यविधि"**को नाम भीरकोट नगरपालिकाको "नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन तथा कार्यक्रमको दिगोपना सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

   क) यो कार्यविधि भीरकोट नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,**

   क) **"नगर प्रमुख"** भन्नालेः- भीरकोट नगरपालिकाको **"नगर प्रमुख"** लाई जनाउँछ ।

   ख) **"नगर उपप्रमुख"** भन्नालेः- भीरकोट नगरपालिकाको **"नगर उपप्रमुख"** लाई जनाउँछ।

   ग) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नालेः- भीरकोट नगरपालिकाको **"प्रमुख प्रशासकीय अधिकृत"** लाई जनाउँछ ।

   घ) **"कार्यविधि"** भन्नालेः- भीरकोट नगरपालिकाको "नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन तथा कार्यक्रमको दिगोपना सम्बन्धी कार्यविधि, २०८१" लाई सम्झनुपर्छ।

ङ) **“मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय”** भन्नालेः- **“गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय”** लाई सम्झिनुपर्छ, र यो शब्दले नेपाल सरकारका जुन निकाय वा तह सँग सम्झौता गरी परियोजना ल्याइन्छ त्यसलाई समेत जनाउँछ।

च) “**नगरपालिका”** भन्नालेः- **“भीरकोट नगरपालिका”**लाई सम्झिनुपर्छ ।

छ) "**विषयक्षेत्र**" भन्नाले दफा ३ मा उल्लिखित विषयक्षेत्र सम्झनुपर्छ ।

ज) **"कार्यक्रम अधिकृत"** भन्नाले दफा ३ बमोजिम विषयक्षेत्र संग सम्बन्धित शाखाको प्रमुखलाई जनाउँछ ।

झ) **"योजना अधिकृत"** भन्नाले नगरपालिकाको योजना शाखामा कार्यरत योजना अधिकृत सम्झनुपर्छ ।

ञ) "**विषयगत सदस्य**" भन्नाले दफा ३ मा उल्लिखित विषयक्षेत्र संग सम्बन्धित शाखा प्रमुख सम्झनुपर्छ ।

ट) **“कार्यपालिका”** भन्नालेः- **“भीरकोट नगर कार्यपालिका”**लाई जनाउँछ।

**ठ) “ऐन”** भन्नाले विषयक्षेत्र संग सम्बन्धित प्रचलित ऐन तथा नियमावलीलाई सम्झनुपर्छ।

## परिच्छेद २

**३. परियोजनाको क्षेत्रः**

क) परियोजना क्षेत्रहरु देहायबमोजिम हुनेछ ।

१) नेपालको संविधान २०७२ ले संघीय, प्रदेश तथा स्थानीय सरकारको साझा सूची अन्तर्गतका विषयहरु

२) संघीय सरकार र स्थानीय सरकारका साझा सूची अन्तर्गतका विषयहरु

३) प्रदेश सरकार र स्थानीय सरकारका साझा सूची अन्तर्गतका विषयहरु

४) नेपालको संविधान २०७२ र स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय सरकारका एकल जिम्मेवारी दिएका विषयहरु

५) नगरपालिकाले संघीय तथा प्रदेश सरकारले माग गरेका प्रस्ताव अनुसार स्वीकृत परियोजनासंग सम्बन्धित विषयहरु

६) माथि उल्लिखित विषयबाहेक नगरपालिकाको कार्यक्षेत्र भित्रका अन्य विषयहरु

## परिच्छेद ३

**४. कार्यविधिको उद्देश्यः**

यस कार्यविधिको उद्देश्य देहायबमोजिम हुनेछ ।

१) नवप्रवर्तनसंग सम्बन्धित कार्यक्रमको कार्यान्वयन प्रभावकारी रुपमा संचालन गर्ने।

२) कार्यक्रमको नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गरी देखिएका कमी कमजोरीलाई तत्काल सच्याई अगाडी बढाउने ।

३) कार्यक्रमको कार्यान्वयन भएपश्चात त्यसको निरन्तरता र आवश्यकता अनुसार मर्मत सम्भार गरी कार्यक्रमको दिगोपना कायम गर्ने ।

४) दिगोपना सुनिश्चितताका लागी आवश्यक पर्ने स्रोत साधनको व्यवस्था र कोष स्थापना गर्ने।

५) कार्यक्रमको कार्यान्वयन पश्चात त्यसको प्रतिफल प्राप्त गर्ने निकाय/ सरोकारबालाहरुलाई कार्यक्रमको दिगोपना सम्बन्धमा जिम्मेवार बनाउने ।

६) कार्यक्रम संचालन हुनुभन्दा अगाडी देखिएका कमीकमजोरीलाई क्रमश न्यूनिकरण गर्दै लैजाने ।

७) नेपालमा प्रचलित ऐन तथा नियमावलीले निशेध गरेका विषयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,

जस्तै चालु आ व २०८०/८१ को हकमा नगरपालिका क्षेत्रभित्र ४० माइक्रोन भन्दा कम माइक्रोन झोलाको प्रयोगलाई न्यूनिकरण गर्दै कपडाको झोला र कागजको थुंगाको प्रयोगलाई बढावा दिने र सामुदायिक विद्यालयमा खस्कँदै गएको शैक्षिक गुणस्तरलाई बढावा दिन छनौट भएका सामुदायिक विद्यालयमा सिसिक्यामेराको जडान गरी प्रविधिमार्फत अनुगमन गर्ने

## परिच्छेद ४

५. कार्यक्रम कार्यान्वयन प्रकृया नवप्रवर्तन संग सम्बन्धित कार्यक्रमको कार्यान्वयन प्रकृया देहायबमोजिम हुनेछ ।

क) नवप्रवर्तन कार्यक्रमको कार्यान्वयन सार्वजनिक खरिद ऐन तथा नियमावली, संघीय तथा प्रदेश सरकार र नगरपालिकाले तयार पारेका निर्देशिका तथा कार्यविधिले तोकेको प्रकृया बमोजिम हुनेछन् ।

ख) कार्यक्रम/परियोजनाको संचालन नगरपालिकामा कार्यरत विद्यमान जनशक्तिबाट हुन नसक्ने अवस्थामा मात्र परामर्श सेवा/ करार सेवामा लिई गर्नुपर्नेछ ।

## परिच्छेद ५

६. अनुगमन, कार्यक्रमको निरन्तरता तथा दिगोपना सम्बन्धी समितिः यस समितिमा देहाय बमोजिम पदाधिकारी तथा कर्मचारीहरु सदस्यका रुपमा रहनेछन्

| | |
|---|---|
| क) नगर प्रमुख | संयोजक |
| ख) नगर उपप्रमुख | सदस्य |
| ग) योजना अधिकृत | सदस्य |
| घ) प्राविधिक शाखा प्रमुख | सदस्य |
| ङ) कार्यक्रम अधिकृत | सदस्य |
| च) प्रमुख प्रशासकिय अधिकृत | सदस्य सचिव |

७. अनुगमन तथा दिगोपना निरन्तरता समितिको काम कर्तव्य र अधिकारः यस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) कार्यक्रम कार्यान्वयनका चरणमा निरन्तर अनुगमन गरी कुनै कमजोरी वा समस्या देखेमा त्यसलाई तत्काल समाधान गर्ने ।

ख) कार्यक्रमको सकारात्मक तथा नकारात्मक प्रभावको अध्ययन तथा समिक्षा गर्ने।

ग) कार्यक्रमको कार्यान्वन कार्ययोजना अनुसार भए नभएको समिक्षा गर्ने ।

घ) कार्यक्रमको कार्यान्वयन पश्चात त्यसको दिगोपना र निरन्तरताका लागि आवश्यक योजना तथा कार्यक्रम तयार गर्ने ।

ङ) कार्यक्रमको दिगोपना सुनिश्चितताका लागि भविस्यमा चाहिने स्रोत साधनहरुको व्यवस्थापन गर्ने ।

च) अनुगमन तथा दिगोपना सुनिश्चितताको लागि आवश्यकता अनुसार गर्नुपर्ने अन्य सम्पूर्ण कार्य गर्ने/गराउने ।

८. कार्यक्रम अधिकृतको काम कर्तव्य र अधिकारः (१) कार्यक्रम कार्यान्वयनको लागि विषयगत क्षेत्रसंग सम्बन्धित नगरपालिकाको शाखामा कार्यरत शाखा प्रमुखलाई कार्यक्रम अधिकृत तोकिनेछ ।

२) उपदफा (१) बमोजिमको कार्यक्रम अधिकृतको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क) कार्यक्रमको लागि आवश्यक पर्ने कार्ययोजना बनाई प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

ख) कार्यक्रम कार्यान्वयनका लागि खरिद गर्नुपर्ने सामानको विवरण तयारी र कार्यान्वयन प्रकृयाको उठान गर्ने ।

ग) कार्यक्रम कार्यान्वयनमा कुनै समस्या आएमा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

घ) कार्यक्रम कार्यान्वयनका लागि गर्नुपर्ने अन्य सम्पूर्ण काम गर्ने गराउने ।

## परिच्छेद- ६

९. **कोष स्थापना/संचालनः** १) नवप्रवर्तन मार्फत संचालन भएका कार्यक्रमहरुको दिगोपना, सुनिश्चितता, र मर्मत सम्भारको लागि एक छुट्टै कोष स्थापना गरिनेछ ।

२) उपदफा (१) बमोजिम स्थापना हुने कोषमा देहाय बमोजिमका रकम जम्मा हुनेछ ।

क) नगरसभाबाट स्विकृत कार्यक्रम अनुसार स्वीकृत भएको रकम

ख) साझेदार संस्था/निकाय बाट प्राप्त रकम

ग) नवप्रवर्तन कार्यक्रमबाट उत्पादित सामाग्रिको विक्रिबाट प्राप्त हुन आएको रकम

घ) नवप्रवर्तन कार्यक्रमबाट संचालित परियोजना/कार्यक्रमबाट निर्माण भएका आयोजनाबाट प्राप्त प्रवेश शुल्क मनोरञ्जन शुल्क वा अन्य कुनै किसिमबाट प्राप्त हुने रकम

३) उपदफा (२) बमोजिम स्थापना हुने रकम नवप्रवर्तन कार्यक्रमबाट भएका आयोजनाको मर्मतसम्भार र दिगोपनामा खर्च गरिनेछ ।

४) उपदफा (२) बमोजिमको कोषमा जम्मा भएको रकम नगरपालिकाको लेखा अधिकृत र प्रमुख प्रशासकीय अधिकृतको संयुक्त दस्तखतबाट खर्च गरिनेछ ।

५) उपदफा (४) बमोजिमको रकम खर्च गर्दा नगर कार्यपालिकाको निर्णय अनुसार खर्च गरिनेछ ।

**१०. सम्झौता र हस्तान्तरण सम्बन्धी व्यवस्थाः**

१) नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत भएका कार्यक्रमको निरन्तरता र दिगोपनाको सुनिश्चितताका लागी आयोजनाबाट लाभान्वित हुने निकाय वा आम उपभोक्ताहरुलाई सम्पन्न भए पश्चात सम्झौता गरी हस्तान्तरण गरिनेछ ।

२) उपदफा (१) बमोजिमको सम्झौताको नमूना अनुसूची - (१) मा दिइएकोछ ।

३) उपदफा (१) र (२) बमोजिम हस्तान्तरण गरिएका आयोजनाको मर्मतसम्भार र दिगोपनाकोलागि आवश्यक पर्ने आर्थिक तथा प्राविधिक सहयोग नगरपालिकाबाट उपलब्ध हुनेछ ।

## परिच्छेद- ७

**११. सूचना सेन्टरको स्थापना**

१) संघीय तथा प्रदेश सरकारसंगको सहकार्यमा संचालित परियोजनाका गतिविधिहरुको अभिलेख व्यवस्थापनका लागि नगरपालिका भित्र सूचना सेन्टर (केन्द्र) स्थापना गरिनेछ।

२) उपदफा (१) बमोजिमको सूचना सेन्टरको स्थापनाका लागी आवश्यक मेसिनरी लगायतका सामाग्रीहरुको व्यवस्था प्रचलित कानूनको प्रकृया पुरा गरी गरिनेछ ।

३) प्रत्येक वर्ष नवप्रवर्तन कार्यक्रम संचालन गरिएका सम्पूर्ण गतिविधी, सूचनाका सामाग्री, Audio, Video, फोटो तथा सामाग्रीको Digital Copy बनाई सूचना केन्द्रमा सुरक्षीत अभिलेख राख्ने व्यवस्था मिलाइनेछ ।

४) नवप्रवर्तन कार्यक्रमको संचालन गर्दा उत्पादित सामाग्रीहरुको विवरण तयार गरी Display गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

५) सूचना केन्द्रमा सुरक्षित रुपमा राखिएका सूचनाहरु नगरपालिकामा रहेका Display Board निरन्तर रुपमा देखाउने व्यवस्था मिलाउनुपर्नेछ ।

## परिच्छेद- ८

**१२. विविध**

१) नवप्रवर्तन कार्यक्रम अन्तर्गत संचालित परियोजनाको मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रगति समिक्षा गरी सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

२) यस कार्यविधिमा उल्लिखित विषयहरु कार्यविधि अनुसार र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

३) यस कार्यविधिको संशोधन, परिमार्जन वा खारेजी गर्ने अधिकार भीरकोट नगरपालिका नगर कार्यपालिकालाई हुनेछ ।

४) कार्यविधि कार्यान्वयनमा कुनै समस्या वा दुविधा उत्पन्न भएमा कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

<u>अनुसूचि- १</u>

सम्झौता

भीरकोट नगरपालिकाले आर्थिक वर्ष........../...... को नवप्रवर्तन साझेदारी कार्यक्रम मार्फत संचालन भएको ............ आयोजना लाभग्राही व्यक्ति............ संघ,संस्था भएकोले नप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन तथा त्यसको दिगोपना सम्बन्धी कार्यविधि, २०८१ को दफा (१) बमोजिम.................. कार्यक्रम सम्झौता गरी हस्तान्तरण गरिदिँयौं ।

<u>शर्त</u>

१.

२

३.

सम्झौता गर्ने

पहिलो पक्ष | दोस्रो पक्ष

आज्ञाले
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत